# स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (६), हुप्सेकोट, चैत्र २० गते सोमबार, २०७९ साल

## भाग २

**हुप्सेकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),**

**गण्डकी प्रदेश, नेपाल**

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**हुप्सेकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमावली), २०७९**

हुप्सेकोट गाउँपालिका

## हुप्सेकोट गाउँपालिकाको प्रशासकीय नियमावली, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले हुप्सेकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ दफा ३ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले देहायको नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो नियमहरुको नाम हुप्सेकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावाली २०७९ रहेको छ ।

(२) यो निमावली हुप्सेकोट गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निमावलीमाः-

(क) "ऐन" भन्नाले हुप्सेकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

सम्झनु पर्छ ।

(ख) निमावाली भन्नाले हुप्सेकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमावली, २०७९ सम्झनु पर्छ ।

(ग) कार्यपालिका भन्नाले हुप्सेकोट गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले हुप्सेकोट गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. निर्देशिका, कार्यविधि र मापदण्डः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त यस निमावलीको अधिनमा रही हुप्सेकोट गाउँपालिकाले आवश्यकता अनुसार निर्देशिका कार्यविधि मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

हुप्सेकोट गाउँपालिका

(२) उपदफा (१) बमोजिम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउदा संघिय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्रधिकार भित्र पर्ने बिषयमा मात्र बनाउनु पर्ने छ ।

**४. प्रचलित कानुन बमोजिम हुनेः** यस निमावालिमा उल्लेख नभएका बिषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमाणीकरण मितिः२०७९/१२/१९**
**राजपत्रमा प्रकाशित मितिः २०७९/१२/२०**

**आज्ञाले**
**टंकनाथ घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**

हुप्सेकोट गाउँपालिका